**"निजी क्षेत्रका विभिन्न कम्पनी, फर्म, कलकारखाना तथा उद्योगहरुमा रोजगारका अवसरका लागी सुचना"**

**सूचना प्रकाशन मिति २०८२/०९/०९ गते**

विराटनगर महानगरपालिकाको सहकार्य तथा समन्वयमा संयुक्त राष्ट्र संघीय जनसङ्ख्या कोष (UNFPA) को आर्थीक तथा प्राविधिक सहयोगमा महिला पुनर्स्थापना केन्द्र (ओरेक), नेपाल द्वारा संचालीत "लैङ्गिक हिंसा प्रतिकार्य तथा रोजगारी विचको सुदृढीकरण परियोजना" लैङ्गिक हिंसाबाट प्रभावित तथा सिमान्तकृत महिलाहरूलाई सुरक्षित वातावरणमा सम्मानजनक रोजगारी प्राप्त गर्न सहयोग पुर्याउँदै उनीहरूको दिगो आर्थिक सशक्तीकरण प्रवर्द्धन गर्ने उद्देश्यका साथ विराटनगर महानगरपालिकामा परियोजना सञ्चालीत छ। यसै परियोजन अन्तर्गत विराटनगर महानगरपालिकामा बासोबास गर्ने हिंसा प्रभावित ,विपन्न तथा सिमान्तकृत महिलाहरुलाई सार्वजनीक निजी साझेदारी(PPP)अवधारणा अन्तर्गत रोजगारमुखी तालिम तथा प्रत्यक्ष रोजगारीकाु अवसर प्राप्त गर्न इच्छुक योग्य महिलाहरुबाट दरखास्त गर्न जानकारी गरिन्छ।

**(क) आवश्यक योग्यताः**

- विराटनगर महानगरपालिका भित्र बसोबास गर्ने हिंसा प्रभावित, विपन्न तथा सिमान्तकृत महिलाहरु,
- उमेर १८ वर्ष पूरा भएको,
- कम्तीमा सामान्य लेख पढ गर्न जान्ने
- रोजगारी तथा सिप विकास प्रशिक्षणमा पूर्ण रुपमा सहभागी हुन इच्छुक र प्रतिबद्धता भएको,
- काम गर्न इच्छुक भएको।

**(ख) आवश्यक कागजातः**

- अनुसुची १ बमोजीम आवेदन
- नागरीकताको प्रतीलीपी
- विराटनगर महानगरपालिका कानुन शाख, ओ.सी.एम.सी, सिपिएसडब्लु, सुरक्षीत आवास वा अन्य निकायको सिफारीस पत्र।

**(ग) सेवा सुविधाः**

- छनौट भएका सहभागीहरुलाई निशुल्क प्रशिक्षण दिइने छ।
- प्रशिक्षण पछि प्रत्यक्ष रोजगारी प्रदान गरिने छ।
- कार्यस्थलमा सूरक्षीत वातावरणको प्रबन्ध गरिने छ।
- आवश्यकता अनुसार मनोसामाजीक परामर्श सेवा उपलब्ध गराइने छ।
- अन्य सेवा सुविधा परियोजनाले तोके बमोजीम हुने छ।

**(घ) छनौट प्रक्रियाः**

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

आवेदन छनौट र सामान्य अन्तरवार्ता ।

**(ङ) आवेदन बुझाउने मितिः**

२०८२/०९/०९ गते देखी २०८२/०९/३० गते सम्म

**(च) आवेदन बुझाउने स्थानः**

महिला बालबालिका शाखा विराटनगर महानगरपालिका

विराटनगर महानगरपालिका भित्रका सबै इच्छुक हिंसा प्रभावित,विपन्न तथा सिमान्तकृत महिलाहरु यस अवसरको सदुपयोग गरी लाभ लिन महानगरपालिका अनुरोध गर्दछ ।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

**अनुसुची: १**

मिति:

श्री विराटनगर महानगरपालिका
महिला बालबालिका शाखा
विराटनगर, कोशी प्रदेश, नेपाल

विषय: सिप विकास तथा निजी क्षेत्रमा रोजगारीमा सहभागीताको सम्बन्धमा

महोदय,

यस विराटनगर महानगरपालिकाको मिति २०८२/०९/०९ मा प्रकाशित "निजी क्षेत्रका विभिन्न कम्पनी फर्म कलकारखाना तथा उद्योगहरुमा रोजगारका अवसर" कार्यक्रमा पूर्ण सहभागी हुने इच्छा र प्रतिबद्धता सहित यो निवेदन पेश गर्दछु, साथै यस कार्यक्रम मार्फत सिप सिकेर सम्बन्धित निजी क्षेत्रमा रोजगारी प्राप्त गर्ने अवसर प्रदान गरि दिनु हुन विनम्र अनुरोध गर्दछु।

आवेदकको नाम:

ठेगना:

हस्ताक्षर:

सम्पर्क नं: